STUDY IN ABROAD
AUSTRALIA I NEW ZEALAND
UK I USA I CANADA
IELTS I OET I PTE
Preparation Center
BEACON™
EDUCATION & VISA SERVICES
Siddhartha Chowk, Pokhara, Nepal
061 578812, 573093 9856031631, 9856071671
info@beaconedu.com.np

राष्ट्रिय दैनिक
# पोखरापत्र
Pokharapatra National Daily

रु. १ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक,
स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५

❑ वर्ष २२ ❑ अङ्क ११८ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०७८ बैशाख २८ गते मंगलबार ❑ 11 May 2021 ❑ पृष्ठ ४ ❑ मूल्य रु. २।-

## प्रधानमन्त्री ओली पदमुक्त

**पोखरापत्र संवाददाता**
**पोखरा, २७ बैशाख**

प्रधानमन्त्री केपी शर्मा ओली पदमुक्त भएका छन् । विश्वासको मत लिने प्रस्ताव सोमबार प्रतिनिधिसभामा बहुमतले अस्वीकृत भएपछि प्रधानमन्त्री ओली स्वतः पदमुक्त भएका हुन् ।



प्रधानमन्त्री ओलीले संविधानानुसार आफूमाथि प्रतिनिधिसभाको विश्वास छ भन्ने स्पष्ट पार्न प्रस्तुत गरेको प्रस्ताव अस्वीकृत भएको छ । प्रतिनिधिसभाको सोमबारको दोस्रो बैठकमा उक्त प्रस्तावमाथि भएको मत विभाजनमा पक्षमा ९३ र विपक्षमा १२४ मत परेको थियो ।

बैठकमा सभामुख अग्निप्रसाद सापकोटाले विश्वासको मतका लागि आवश्यक बहुमत नपुगेकाले प्रस्ताव अस्वीकृत भएको घोषणा गरेका थिए । त्यस्तै दिन्न भन्ने पक्षमा १५ सांसदले मतदान गरेका थिए । बैठकमा २३२ सांसद उपस्थित रहेको सभामुख सापकोटाले जानकारी दिए ।

विश्वासको मतका पक्षमा सत्तारुढ दल नेकपा (एमाले) लाई अन्य दलले सहयोग नगरेका कारण प्रस्ताव अस्वीकृत भएको हो । एमाले संसदीय दलको निर्देशनलाई अवज्ञा गर्दै एमालेकै वरिष्ठ नेता झलनाथ खनाल र माधवकुमार नेपाल समूहका सांसद मतदानमा अनुपस्थित रहेका कारण पनि विश्वासको मतका पक्षमा कम मत जाहेर भएको हो । राष्ट्रिय प्रजातन्त्र पार्टीका राजेन्द्रप्रसाद लिङ्देन पनि कोभिड संक्रमणका कारण अनुपस्थित रहेका थिए ।

प्रस्तावका विपक्षमा प्रमुख प्रतिपक्षी नेपाली कांग्रेस र प्रतिपक्षी नेकपा (माओवादी केन्द्र) ले मतदान गरेका थिए । जनता समाजवादी पार्टी नेपालका केही सांसद तटस्थ रहेका थिए तथा केहीले विपक्षमा मतदान गरेका थिए । मत विभाजनका लागि हुन्छ, हुन्न र दिन्न भन्ने तीन तरिका व्यवस्था गरिएको थियो । प्रधानमन्त्रीको विश्वासको प्रस्ताव पारित हुन हाल संसद्मा कायम रहेको २७१ सदस्यमध्ये बहुमत अर्थात् १३६ मत आवश्यक पर्थ्यो । मत बराबर भएका खण्डमा सभामुखले निर्णायक मत दिन सक्ने व्यवस्था छ । प्रस्तावमा सभामुखबाहेक २६६ सांसदले मत जाहेर गर्न सक्ने अधिकार थियो ।

एमालेका १२१, माओवादी केन्द्रका ४८, कांग्रेसका ६१, जसपाका ३२ तथा राष्ट्रिय जनमोर्चा, नेपाल मजदूर किसान पार्टी, राप्रपा र स्वतन्त्र एक सांसदलाई मताधिकार थियो । प्रतिनिधिसभाको अर्को बैठक यही वैशाख ३० गते अपराह्न १ बजे बस्ने छ ।

## राष्ट्रिय जनमोर्चाको निर्णय कुर्दै कांग्रेस सहितको गठबन्दन

### प्रदेश सभाको विशेष अधिवेसन अन्त्य

**पोखरापत्र संवाददाता**
**पोखरा, २७ बैशाख**

राष्ट्रिय जनमोर्चाको निर्णय कुर्दै प्रमुख प्रतिपक्ष दल नेपाली कांग्रेसले गण्डकी प्रदेशमा नयाँ सरकार बनाउने योजनामा रहेको छ ।



मुख्यमन्त्री पृथ्वी सुब्बा गुरुङ बिरुद्ध अविश्वासको प्रस्ताव पेश गरेको कांग्रेस सहितको गठबन्दनले गुरुङको राजिनामासंगै नयाँ सरकार सहज ढंगले बन्ने आकलन गरे पनि निर्णायक मत रहेको जनमोर्चाले निर्णय नदिदा हाल २८ जनाको हस्ताक्षर संकलन गरेर जनमोर्चाको निर्णय पर्खेर बसेका छन् । आफुहरुसंग २८ जनाको हस्ताक्षर सहित नयाँ गठबन्दन सरकार बनाउने योजनाका साथ तयारी अबस्थामा रहेको कांग्रेस सांसद बिन्दु कुमार थापाले बताए । समय परिस्थिती अनुसार पटक पटक छलफलमा जुट्नु पर्ने भएकोले आफुहरु हाल पोखराको एक होटलमा बाध्य भएर बस्नु परेको उनको भनाई थियो ।

जनमोर्चाले हाल पर्ख र हेरको अबस्थामा आफुहरु रहेको राष्ट्रिय जनमोर्चाका संसदीय दलका नेता कृष्ण थापाले बताए । उनले भने "आज हाम्रो छलफल पनि भएको छैन, प्रदेश सरकार गठनमा हाम्रो मत निर्णाय हुने भएकोले हामीले सोच विचार गरीकन सायद मंगलबार एउटा निर्णयमा पुग्छौं ।" तपाईहरुले पहिलाको सरकारलाई साथ दिनेकी नयाँ गठबन्दन सरकारलाई साथ दिने नयाँ सरकार गठनमा हलो तपाईहरुसंग अड्केको छ नी है भन्ने प्रश्नमा संसदीय दलका नेता थापाले राजनीतक कुरा यसै भन्न नसकिने भनेर प्रष्ट भन्न चाहेनन् ।

नेकपा एमाले नेतृत्वसँग एक स्वतन्त्र सहित २८ मत रहेको छ भने प्रतिपक्ष दल नेपाली कांग्रेस (१५), माओबादी केन्द्र (११) र जनता समाजवादी पार्टी (जसपा)–(२) गरी उनीहरुसँग समेत २८ मत रहेको छ । पहिलाको एमाले नेतृत्वको सरकार बन्दा होस वा गठबन्दन सरकार बन्दा नै किन नहोस उनीहरुलाई जनमोर्चाकै साथ र सहयोग आवश्यक परेको छ ।

नयाँ सरकार बनाउन कम्तिमा ३१ सांसदहरुको हस्ताक्षर आवश्यक पर्छ । मुख्यमन्त्री पृथ्वी सुब्बा गुरुङले स्वतन्त्र सांसद राजिव गुरुङ(दीपक मनाङे) लाई आफ्नो पक्षमा पार्न युवा तथा खेलकुद मन्त्री समेत दिएर आफ्नो पोल्टामा पारेका थिए भने कांग्रेस संसदीय दलका नेता कृष्णचन्द्र नेपाली पोखरेलको नेतृत्वमा नयाँ गठबन्दन सरकार बनाउने प्रस्ताव सहित सदनमा मुख्यमन्त्री बिरुद्ध अविश्वासको प्रस्ताव समेत पेश भएको थियो ।

अविश्वासको प्रस्ताप उपरछलफल सहित मतदान समेत गर्ने कार्यतालिका सार्वजिक भएको वैशाख १५ गते जनमोर्चाका सांसद खीलबिक्रम शाही एकाएक हराई अस्पतलाको आइसियू वार्डमा पुगे पछि स्थगित भएको बिषेश अधिवेशसन वैशाख २७ गते बस्ने तय भए पछि एक दिन अघि नै गण्डकी प्रदेशका मूख्यमन्त्री पृथ्वी सुब्बा गुरुङले पदबाट राजिनामा दिएका हुन् ।

गण्डकी प्रदेश प्रमुख सिता पौडेलले तीन दिन भित्र दलहरुलााई नयाँ सरकार बनाउन आइतबार आव्हान समेत गरेकी छन् । कांग्रेस, माओबादी केन्द्र सहित जसपाको संसदीय दलको बैठकबाटै नयाँ गठबन्दन सरकार बनाउने निर्णय बमोजिम आफुहरु बमुमत पुऱ्याएर नयाँ सरकार बनाउने गृहकार्यमा रहेको माओबादी केन्द्रका सांसद रामजी प्रसाद बराल (जीवन) ले बताए । एमालेका प्रमुख सचेतक मायानाथ अधिकारीले आफ्नो टिम समेत नयाँ सरकारको गृहकार्यमा लागेको बताए ।

नेकपा एमाले नेतृत्वमा मुख्यमन्त्री बनेका गुरुङको सरकार विरुद्ध नेपाली काङ्गेस, माओवादी केन्द्र र जनता समाजवादी पार्टीले वैशाख २ गते २८ जना सांसदको हस्ताक्षर सहित अविश्वासको प्रस्ताव सदनमा दर्ता गरेका थिए । विगत १३ दिनदेखि स्थगित भएको सदनको विशेष अधिवेसन अन्त्य भएको छ । गण्डकी प्रदेश प्रमुख सिता पौडेलले गण्डकी प्रदेश सचिवालयमा एउटा पत्र मार्फत प्रदेशको बिषेश अधिनेवन अन्त्य भएको जनाकारी सचिवालयमा गराएको प्रदेश सचिवालयका सचिव हरिराज पोखरेलले बताए । उनका अनुसार राष्ट्रिय जनमोर्चाले पृथ्वी सुब्बा गुरुङ नेतृत्वको सरकारलाई दिएको समर्थन समेत फिर्ता लिएको छ ।

जनमोर्चाकी सचेतक पियारी थापाले सचिवालयमा सोमबार पत्र बुझाएकी सचिव पोखरेलले बताए । यदि जनमोर्चाले पृथ्वी सुब्बा गुरुङ नेतृत्वलाई साथ र समर्थन गरेमा गुरुङ नेतृत्वको सरकार पुनः बिउतिने छ ।

## प्रधानमन्त्रीमा दावी पेश गर्न राष्ट्रपतिबाट आह्वान

**रासस**
**काठमाडौं, २७ बैशाख**

राष्ट्रपति विद्यादेवी भण्डारीले नेपालको संविधानको धारा ७६ को उपधारा (२) बमोजिम दुई वा दुईभन्दा बढी दलका समर्थनमा बहुमत प्राप्त गर्नसक्ने प्रतिनिधिसभा सदस्यलाई प्रधानमन्त्रीका लागि दावी पेश गर्न आह्वान गर्नुभएको छ ।

यही वैशाख ३० गते साँझ ९ बजेभित्र प्रतिनिधिसभामा प्रतिनिधित्व गर्ने दलका समर्थनमा प्रधानमन्त्रीमा नियुक्तिका लागि राष्ट्रपतिसमक्ष आफ्नो दावी पेश गर्न आह्वान गरिएको राष्ट्रपतिको कार्यालयका सहायक प्रवक्ता केशवप्रसाद घिमिरेले विज्ञप्तिमार्फत जानकारी दिएका छन् । यसअघि राष्ट्रपति भण्डारीबाट नेपालको संविधानको धारा ७६ को उपधारा (२) बमोजिम विसं २०७४ फागुन ३ गते नियुक्त प्रधानमन्त्री केपी शर्मा ओलीले धारा १०० को उपधारा (१) बमोजिम सोमबार प्रतिनिधिसभामा विश्वासको मतका लागि राखेको प्रस्ताव उपधारा (३) बमोजिम पारित हुन नसकेको भन्ने व्यहोरा सभामुख अग्निप्रसाद सापकोटाले राष्ट्रपतिसमक्ष पेश गरेका थिए ।

## संवाद, सहमति र एकताका आधारमा देशलाई अघि बढाउने अभियानमा जुटौँ: प्रम ओली

**रासस**
**काठमाडौं, २७ बैशाख**

प्रधानमन्त्री केपी शर्मा ओलीले संसद् र राजनीतिलाई स्थिरता दिन आफूलाई विश्वासका पक्षमा मतदान गर्न आग्रह गरे । प्रधानमन्त्री ओलीले आफूलाई प्रतिनिधिसभाको विश्वास छ भन्ने प्रस्तावमाथि सदनमा उठेका प्रश्नको जवाफ दिँदै झुटो बोलेर देशमा तनाव, अनेकता र भ्रम फैलाउने काम नगर्न सुझाव दिए ।

प्रधानमन्त्रीले भने, "देश विकास गर्ने हामी सबैको जिम्मवारी हो, आपसमा वैमनष्यता र घृणा फैलाउने होइन, मिथ्या राजनीति नगरौँ, देश बनाउने कुरा गरौँ, विभेदलाई अन्त्य गर्दै जानुपर्छ, त्यसका लागि सरकार लागेको छ, त्यसमा सबैको सहयोग आवश्यक छ ।" जनताको मागका आधारमा संविधान संशोधन हुने बताउँदै उहाँले तर यसलाई मिच्ने काम कहीँकतैबाट हुनुहुन्न भन्नुभयो । कतिपय अवस्थामा देशको आवश्यकता एकातिर र संसदीय गणित अर्कातिर हुने

बाँकी अन्तिम पृष्ठमा ▶▶

## गण्डकी धौलागिरी पेट्रोलियम डिलर्स एशोसियसनद्धारा आइसुलेसन सेन्टर स्थापना गर्दै

**पोखरापत्र संवाददाता**
**पोखरा, २७ बैशाख**

गण्डकी धौलागिरी पेट्रोलियम डिलर्स एशोसियसनले कोभिड उपचार केन्द्र (आइसुलेसन सेन्टर) स्थापना गरेको छ ।



कोरोनाका बिरामीहरुको अस्पतालमा उपचार गर्ने ठाँउ नै अभावन हुन थालेसंगै मध्यम कोरोनाका बिरामीहरुलाई व्यबस्थापन गर्ने गरी आफुहरुले उत्तः सेन्टरको स्थापना गरेको एशोसियसनका अध्यक्ष राजन गंगजुले बताए ।

कोरोनाको दोश्रो लहरको शंक्रमण अत्याधिक बढेसंगै अस्पतालहरुमा कोरोनाका बिरामीहरुको उपचार गर्न कठिनाई भएकोले गर्दा आफुहरुले थोरै भए पनि केहीलाई राहत उपलब्ध गराउने उद्धेश्यले उक्त सेवा एक दुई दिन देखि सुरु गर्ने तयारी गरेको उनले जनाए । आफुहरुले हाल एशोसियसनको भवनमै पहिलो चरणमा १० बेडको आइसुलेसन सेन्टर स्थापना गरे पनि पछि कोरोनाका बिरामीको थप चाप र माग भए बमोजिम पुनः थप १० बेड विस्तार गर्न सकिने भएको गंगजुले जनाए ।

संस्थाले आफ्नो सामाजिक उत्तरदाहित्व अर्न्तगत करिब ४८ घण्टामा २ लाख भन्दा बढीको लागतमा उक्त सेन्टर स्थापना गरिएको उनले बताए । सेन्टरमै खाना बस्नको लागि आवश्यक पर्ने सामान देखि स्वास्थ्य सामाग्रिहरु समेत उपलब्ध गराएको उनले जनाए । इच्छा अनुसार आफै पकाउन चहानेको लागि र मेनमा खानको लागि समेत प्रबन्ध गरिएको गंगजुले जनाए । एक दिन बिराएर डा. देव थापाले सेन्टरका बिरामीको रेखदख गर्ने भएका छन्। अनिवार्य अक्सिजन लगाउनु पर्ने बिरामी र गम्भिर प्रकारका कोरोनाका बिरामी बाहेक एशोसियसनका सदस्य एवं गरिव तथा विपन्न बर्गका व्यक्तिको निःशुल्क उपचार गर्ने उद्धेश्यले उक्त सेन्टरको स्थापना गरिएको अध्यक्ष गंगजुले जनाए । उनका अनुसार उक्त सेन्टर मंगलबार देखि संचालन हुने भएको छ । कोरोनाका बिरामीलाई त्यहाँ बस्ता आवश्यक पर्ने खाने कुराको साथमा मनोरन्जन समेत दिने उद्धेश्यले खेल सामाग्रिको समेत जोहो गरेको गंगजुले जनाए । एन्टीवाइटीक औषधि देखि बाफ लिने मेसिन, ज्वरो मापन गर्ने थर्ममिटर, मास्क, सेनिटाइजर लगायतको हरेक वेडमा उपलब्ध गराएको उनले बताए । विहान वेलुका खाना तथा विहान र दिउँसोको खाजाको समेत प्रबन्ध गरिने भएको गंगजुले जनाए ।

कोरोना शंक्रमण दर पोखरा सहित कास्की र गण्डकी प्रदेशमा समेत अत्याधिक रुपमा बद्दै गएको छ । सोमबार कास्की सहित गण्डकी प्रदेशमा १३ जनाको कोरोनाको कारण ज्यान गएको छ । कास्कीमा २ सय ८९ जना सहित प्रदेशमा सोमबार ६ सय ५३ कोरोना शंक्रमित थपिएको गण्डकी प्रदेशको स्वास्थ्य निर्देशनालयले जनाएको छ ।



पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस् ।
हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. -५२०६५१

# १०१ वर्षीय साहित्यकार किञ्जलकको अभिनन्दन गरिने

पोखरापत्र संवाददाता
**पोखरा, २७ बैशाख**

साहित्यकार गोपाल वैद्य 'किञ्जल्क'को अभिनन्दन गरिने भएको छ । एक सय एक वर्षीय किञ्जल्कको अभिनन्दनका लागि डा नारायणप्रसाद खनालको संयोजकत्वमा १०१ सदस्यीय अभिनन्दन मूल समारोह समिति गठन गरिएको छ।



समितिको सहसंयोजकमा महेन्द्रलालप्रधानररामगोपालढेवाजू, सचिवमा कृष्णप्रसाद बाँस्तोला तथा कोषाध्यक्षमा प्रतिभा प्रधान र सहकोषाध्यक्षमा राइम ढेवाजू रहेका छन् । साहित्यकार किञ्जल्कको साहित्यिक योगदानको सम्मान गर्दै अभिनन्दन गर्न लागिएको समितिका सचिव कृष्णप्रसाद बाँस्तोलाले जानकारी दिए । समितिमा कास्की, बागलुङ, पर्वत, तनहुँ, गोरखा, चितवन, नवलपुर, रुपन्देही, दाङ र काठमाडौंका साहित्यकार, सङ्घसंस्थाका प्रतिनिधि रहेका छन् । बाँस्तोलाका अनुसार समितिले अभिनन्दन ग्रन्थ प्रकाशित गर्ने तथा अनुकूल समयमा साहित्यकार किञ्जल्कको अभिनन्दन गर्नेछ।

विसं १९७८ जेठ २ मा प्यूठानको खलङ्गामा जन्मनुभएका साहित्यकार किञ्जल्क पोखरा महानगरपालिका २ भैरवटोल निवासी रहेका छन् । पुर्ख्यौली घर बागलुङ भएका उनको परिवार २०१५ सालदेखि पोखरामा बसेको हो । आयुर्वेदमा स्नातक गरेका उनी पोखरामा 'बागलुङे वैद्य' भनेर परिचित हुनुहुन्छ । उनीले पोखरा भैरवटोलस्थित निवास भैषज्य सदनमा केही वर्ष अघिसम्म औषधालय सञ्चालन गरेका थिए । नेपाली र संस्कृत भाषामा सिद्धहस्त साहित्यकार किञ्जल्कको पहिलो रचना संस्कृतको किञ्चल्क कणिका २०४० सालमा गोरखापत्रमा प्रकाशित भएको थियो । उनीका हिमाद्री महिमा (संस्कृत, २०६१) बद्री केदार दर्शन (पद्यात्मक, २०५४), नीतिशतकम् (पद्यात्मक, २०५४) कृति प्रकाशित छन् । त्यस्तै उनीका सम्पादित तथा अनुवादित कृतिहरू चाणक्य नीतिदर्पण (पद्यानुवाद, २०५४), कुमार सम्भव १, ४, ५ सर्ग (पद्यानुभाव, २०५४), शिव महिमा स्त्रोतम् (पद्यानुभाव, २०५६), विष्णुसहस्त्रनाम (पद्यानुभाव, २०५८), सूक्ति मुक्ताहार (पद्यानुभावसहित, २०५४), लक्ष्मीनृसिंहस्तोत्र भगवच्छरण (२०५७), स्तोत्र साधनपञ्चकम्, कैवल्याष्टक, उपमन्युकृत शिवस्तोत्रहरुको पद्यानुभाव (२०६१) प्रकाशित छन् ।



स्वाब परीक्षण लागि लामबद्ध : पोखरा महानगरपालिकाबाट सोमबार प्रदर्शनी केन्द्रमा कोभिड-१९ को पिसिआर परीक्षणका लागि स्वाब संकलन हुने भएपछि परीक्षणका लागि जम्मा भएका सर्वसाधारण । तस्वीर : कृष्ण दवाडी

# एसइई र कक्षा १२ को परीक्षा स्थगित

पोखरापत्र संवाददाता
**पोखरा, २७ बैशाख**

आगामी जेठ १३ गतेबाट सञ्चालन हुने एसइई र जेठ २६ गतेबाट हुने कक्षा १२ को परीक्षा स्थगित भएको छ।

राष्ट्रिय परीक्षा बोर्डको सोमबार बसेको बैठकले अर्को निर्णय नभएसम्मका लागि दुबै परीक्षा स्थगित गर्ने निर्णय गरेको हो।

कोभिड-१९ को महामारी बढिरहेको र सरकारले पनि यथास्थितिमा परीक्षा सञ्चालन नगर भनेकाले यही अवस्थामा परीक्षा सञ्चालन गर्न सक्ने अवस्था नरहेकाले तत्कालका लागि दुबै परीक्षा स्थगित गरिएको राष्ट्रिय परीक्षा बोर्डका सदस्यसचिव दुर्गा अर्यालले जानकारी दिए । परीक्षा अब कहिले हुन्छ भन्ने बारेमा पुनः छलफल गरी अर्को सूचना प्रकाशित गरी जानकारी गराइने उनले बताए । कोरोना महामारीका बीचमा एसइईका लागि देशभरका दुई हजार १९ परीक्षा केन्द्रमा परीक्षा दिन तयारीमा रहेका पाँच लाख १७ हजार विद्यार्थीलाई परीक्षामा सहभागी गराउन सक्ने अवस्था नरहेको बैठकले निष्कर्ष निकालेको बताइएको छ । बोर्डका अनुसार बैठकले एसइई र कक्षा १२ को परीक्षा कसरी सञ्चालन गर्ने भन्नेबारेमा अध्ययन गर्न शिक्षा तथा मानव स्रोत विकास केन्द्रका महानिर्देशक बैकुण्ठ अर्यालको संयोजकत्वमा पाँच सदस्यीय कार्यदल गठन गरेको छ।

यो कार्यदलले समग्र अवस्थाको अध्ययन गरी कोरोनाको सङ्क्रमण कायमै रहेर भौतिक उपस्थितिमा परीक्षा सञ्चालन गर्न सक्ने अवस्था नभए के कसरी परीक्षा सञ्चालन गर्ने भन्नेबारेमा ढाँचा तयार गर्ने बताइएको छ । गतवर्ष पनि कोरोना भाइरसको महामारीका कारण एसइईका परीक्षार्थीलाई विद्यालयले गरेको आन्तरिक मूल्याङ्कनका आधारमा बोर्डले नतिजा सार्वजनिक गरेको थियो । यस वर्ष अब कसरी हुन्छ भन्ने निर्णय हुन बाँकी रहेको छ । यसवर्षको एसइई परीक्षाका लागि आवश्यक प्रश्नपत्र छपाइको काम सम्पन्न भइसकेका जनाएको परीक्षा नियन्त्रण कार्यालयले जानकारी दिएको छ।

त्यस्तै जेठ २६ बाट हुने कक्षा १२ को परीक्षा पनि कहिले हुन्छ भन्ने निर्णय हुन बाँकी रहेको छ । कक्षा १२ मा करीब चार लाख परीक्षार्थीको सहभागिता हुने भएका छन् । बोर्डले यसवर्ष कक्षा १२ को परीक्षाका लागि अनलाइनबाट प्रश्नपत्र पठाउने तयारी गरेको थियो । गतवर्ष पनि कोरोना महामारीका बीच अनलाइनबाटै प्रश्नपत्र पठाएर घरपायक परीक्षा केन्द्रमा परीक्षा सञ्चालन गरिएको थियो।

# बहुमतको सरकार गठनका लागि राष्ट्रपतिसमक्ष आग्रह

रासस
**काठमाडौं, २७ बैशाख**

प्रतिनिधिसभामा विश्वासको मत प्राप्त गर्न नसकी प्रधानमन्त्री केपी शर्मा ओली स्वतः पदमुक्त भएको जनाउँदै बहुमतको सरकार गठनको आह्वान गर्न प्रमुख तीन दलले राष्ट्रपतिसँग आग्रह गरेको छन् ।

नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवा, नेकपा (माओवादी केन्द्र) का अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड' र जनता समाजवादी पार्टी नेपालका अध्यक्ष उपेन्द्र यादवले सोमबार संयुक्त वक्तव्य जारी गर्दै राष्ट्रपतिलाई संविधानको धारा ७६ (२) बमोजिम बहुमतको सरकारको आह्वान गर्न आग्रह गरेका हुन् ।

'ओली पदमुक्त भएकाले नेपालको संविधानको धारा ७६ को उपधारा २ बमोजिम प्रधानमन्त्री नियुक्त हुने गरी प्रक्रिया प्रारम्भ गर्न राष्ट्रपतिसँग आह्वान गर्दछौँ', तीन दलका नेताले जारी गरेको विज्ञप्तिमा उल्लेख छ।

# १२७१ संक्रमित ,१३९ जनाको मृत्यु

रासस
**काठमाडौं, २७ बैशाख**

नेपालमा कोरोना संक्रमितको कुल संख्या ४ लाख नाघेको छ। पछिल्लो २४ घण्टामा नेपालमा थप ९२७१ जनामा कोरोनाभाइरस संक्रमण पुष्टि भएसँगै संक्रमितको संख्या ४ लाख नाघेको हो।

सोमबारसम्म कोरोनाबाट संक्रमित हुनेको संख्या ४ लाख ३ हजार ७९४ जना पुगेको छ भने निको हुनेको संख्या ३ लाख ६ हजार ७९४ पुगेको छ। पछिल्लो २४ घण्टामा ४ हजार ७ जना निको भएका छन् । यस्तै हाल देशभर सक्रिय संक्रमित संख्या ९३ हजार १४१ पुगेको छ। यस्तै पछिल्लो २४ घण्टामा मात्रै १३९ जनाको मृत्यु भएको स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले जनाएको छ । मृतकको संख्या यो हालसम्मकै धेरै हो । यससँगै नेपालमा कोरोनाबाट ज्यान गुमाउनेको संख्या ३ हजार ८५९ पुगेको छ।

पीसीआर विधिबाट सोमबार १७ हजार ६२३ र एन्टिजेन विधिबाट ७८८ जनाको परीक्षण गर्दा जम्मा ९ हजार २७१ जनामा संक्रमण पुष्टि भएको हो।

# उपत्यकामा १५ दिन निषेधाज्ञा थप्न सिफारिस

रासस
**काठमाडौं, २७ बैशाख**

काठमाडौं उपत्यकामा थप १५ दिन निषेधाज्ञा थप्न जिल्लास्थित कोभिड-१९ सङ्कट व्यवस्थापन केन्द्रले सिफारिस गरेको छ।

काठमाडौंका प्रमुख जिल्ला अधिकारी कालीप्रसाद पराजुलीका अनुसार उक्त सिफारिसका विषयमा मङ्गलबार तीन जिल्लाका प्रमुख जिल्ला अधिकारीसहित सुरक्षा निकायका प्रमुखको सहभागितामा हुने बैठकले आवश्यक निर्णय लिनेछ। पछिल्लो समयमा मुलुकभर कोभिडु १९ सङ्क्रमण बढ्दै जाँदा उपत्यका थप प्रभावित हुँदै गएकाले निषेधाज्ञा लम्ब्याउनुपर्ने आवश्यकता देखिएको प्रजिअ पराजुलीले बताए। यसअघि वैशाख १६ गतेदेखि लागू हुने गरी उपत्यकामा एक साता निषेधाज्ञा जारी गरिएको थियो।

त्यसपछि थप कडाइ गर्दै पुन अर्को एक साता आदेश थप भएको थियो । यही २९ गते रातिबाट उक्त आदेशको समय सकिन लागेकाले पुनः थप गर्ने तयारी गरिएको हो । पछिल्लो समयमा उपत्यकामा दैनिक झण्डै चार हजारको हाराहारीमा सङ्क्रमित भेटिँदै आएका छन् । यसैबीच काठमाडौं प्रशासनले आज एक सूचना जारी गरी सरकारले तोकेको भन्दा बढी शुल्क नलिन स्वास्थ्य संस्थालाई आग्रह गरेको छ । अनुगमनका क्रममा विभिन्न समस्याहरु देखिएको जनाउँदै प्रशासनले त्यसलाई गम्भिरतापूर्वक लिई व्यवस्थित गर्न अनुरोध गरेको छ । अस्पतालमा अक्सिजनको व्यवस्थापन सही तरिकाले गर्न, स्वास्थ्य मापदण्डलाई कडाइका साथ पालना गर्न, गराउन र कोभिड १९ का बिरामीलाई अत्यावश्यक औषधिहरु सही व्यवस्थापन गरी उच्चतम उपयोग गर्न पनि प्रशासनले अस्पताललाई ध्यानाकर्षण गराएको छ।

नोभल कोरोना भाईरस (CO-VID-19) रोगको संक्रमणबाट बच्न अत्यावश्यक काम बाहेक सीमावर्ती क्षेत्रमा आवतजावत नगर्नु हुन सम्पूर्ण नेपाली नागरिकहरलाई सूचित गरिन्छ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

# गण्डकीमा थपिए ६५३ संक्रमित, थप १३ को मृत्यु

पोखरापत्र संवाददाता
**पोखरा, २७ बैशाख**

गण्डकी प्रदेशमा सोमबार थप ६ सय ५३ जनामा कोरोना भाइरस संक्रमण पुष्टि भएको छ।

एक हजार १ सय ३३ जनाको नमूना परिक्षण गर्दा प्रदेशका ११ वटै जिल्लमागरी थप ६ सय ५३ जनामा संक्रमण पुष्टि भएको प्रदेश स्वास्थ्य निर्देशनालयले जनाएको छ । नयाँ संक्रमितमा कास्कीका २९८ जना, नवलपरासी पूर्वमा ८६ जना, म्याग्दीमा ६३ जना, बागलुङमा ५८ जना, पर्वतमा ५० जना रहेका छन् । त्यस्तै लमजुङमा ३७ जना, गोरखा र तनहुँमा २२, २२ जना रहेका छन् भने स्याङजाका १५ जना, तथा मनाङ र मुस्ताङमा एक, एक जनामा संक्रमण पुष्टि भएको छ।

योसँगै प्रदेशमा कुल कोरोना संक्रमितको संख्या २३ हजार ८८२ पुगेको छ । त्यस्तै गएको २४ घण्टामा गण्डकीमा ३ सय ८ जना कोरोना भाइरस संक्रमण मुक्त भएका छन् । हालसम्म प्रदेशभर १८ हजार ७३ जना कोरोना मुक्त भएको निर्देशनालयले जनाएको छ । हाल प्रदेशमा ५५ सय ३३ जना कोरोनाका सक्रिय केस छन् । पछिल्लो २४ घण्टामा गण्डकी प्रदेशका विभिन्न जिल्लामा गरेर १३ जनाको कोरोनाबाट मृत्यु भएको छ । हालसम्म गण्डकीमा कोरोनाबाट ज्यान गुमाउनेको संख्या २ सय ७६ पुगेको छ । हाल गण्डकीमा ५४ सय ९६ जना होम आइसोलेसनमा रहेका छन् ।

# संवाद...

जनाउँदै निर्वाचन गर्दा लोकतन्त्र र संसदीय व्यवस्था खतरामा नपर्ने उनले स्पष्ट गरे ।

प्रधानमन्त्री ओलीले अध्यादेश मुलुकका कतिपय संरचनालाई चलायमान गराउन संवैधानिक व्यवस्थानुसार नै ल्याइएको स्पष्ट गरे । अविश्वासको प्रस्ताव फिर्ता नलिने र विश्वासको मत पनि नदिने अवस्थालाई अन्त्य गर्न आफू विश्वासको मतका लागि अघि बढेको बताउँदै उनले विरोध गर्ने तर विकल्प नदिने परिस्थिति सिर्जना गरिनु ठीक नभएको टिप्पणी गरे । प्रधानमन्त्री ओलीले भने, "संसद्को विश्वास मसँग छैन भने मैले मार्गप्रशस्त गर्नुपर्छ, विकास र स्थिरता, सहकार्य र सहमतिका लागि म ठूलो पार्टीका हैसियतले न्यायोचित हक राख्छु । त्यसैले विश्वासको मत मागेको छु।

प्रधानमन्त्री निर्वाचनमा जान्छ कि भन्ने आशंका भए पक्षमा मतदान दिएर चकनाचुर तुल्याउन आग्रह गर्दै प्रधानमन्त्री ओलीले अहिलेको परिस्थितिमा संवाद, सहमति र एकताका आधारमा देशलाई अघि बढाउने अभियानमा जुट्न आह्वान गरे ।


प्रधानमन्त्रीको जवाफसँगै विश्वासको मतसम्बन्धी प्रस्तावमाथिको मतदान प्रक्रिया शुरु भएको सभामुखले जानकारी दिए।

कपालको उपचार

कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने

के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?

- कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
- चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
- कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन् ।
- कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ । यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला ।



सम्पर्क: पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६

के तपाईमा यौनसम्बन्धी समस्या छ

पुरूषमा देखिने:
शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङग उत्तेजना नहुने, लिङ चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष, लिङगको आकार सानो हुने आदि ।

महिलाहरूमा देखिने:
स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि ।

सुन्दरता : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु ।

मलद्धार सम्वन्धी रोग : छारसुत्रद्धार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्धारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्धार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।

महिला वा पुरूषमा हुने (बाँझोपन) नि:सन्तानपनको सफल उपचार

जाँच्ने समय: प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म

सम्पर्क स्थान :
माता मनकामना आर्युर्बेद क्लिनीक प्रा.लि.
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०६, ९८४६०४११३१

नोट : नयाँ तथा पुराना बिरामीहरूले यथाशीघ्र सम्पर्क गर्नुहोला।

फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादक: रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध निर्देशक: नारायण भण्डारी
कार्यालय: नयाँबजार, पोखरा, फोन: ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com,Website : www.pokharapatra.com.np मुद्रण: हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

आशा गरिवको सबै भन्दा ठूलो सम्पत्ति हो ।
- एल्फेड डे

## सम्पादकीय

# ढल्यो कम्युनिस्ट सरकार

तीन वर्ष अघि कम्युनिस्ट गठबन्धनको बहुमतबाट प्रधानमन्त्री नियुक्त केपी शर्मा ओली कम्युनिस्ट पार्टीको विभाजनका कारण पदमुक्त भएका छन । प्रतिनिधिसभामा विश्वासको मत गुमाएपछि प्रधानमन्त्री ओली पदमुक्त भएसँगै कम्युनिष्ट पार्टीको सरकार ढलेको छ । नेकपा एमाले कै २८ जना सांसदहरू अनुपस्थित हुँदा प्विश्वासको मत पाउने अवस्था बनेन । सोमबारदेखि प्रधानमन्त्री ओली कामचलाउ भएका छन । प्रधानमन्त्रीले प्रतिनिधिसभामा विश्वासको मत पुस्ट्याइँका लागि भएको मतदानमा हुन्छ भन्ने पक्षमा ९३ मत मात्रै पाए । प्रधानमन्त्रीको आफूप्रति विश्वास छ भन्ने प्रस्ताव पारित हुन हाल कायम रहेको २७१ सदस्यको बहुमत अर्थात् १३६ मत गर्न आवश्यक हुन्थ्यो । प्रधानमन्त्रीको प्रस्तावको विपक्षमा १२४ मत खसेको छ । सोमबार प्रतिनिधिसभामा भएको मतदानमा २३२ सांसदहरु सहभागी थिए । तीमध्ये १५ सांसदहरु तटस्थ बसेका थिए ।

एमालेको माधव नेपाल पक्षका सांसद अनुपस्थित रहे । त्यस्तै राप्रपा सांसद राजेन्द्र लिङ्देन पनि अनुपस्थित रहे । प्रधानमन्त्रीले आफूमाथि प्रतिनिधिसभाको विश्वास छ भन्ने स्पष्ट गर्न आवश्यक ठानेकाले सोही प्रयोजनका लागि राष्ट्रपति विद्यादेवी भण्डारीले सोमबारका लागि संसदको विशेष अधिवेशन बोलाएकी थिईन । संवैधानिक व्यवस्थाअनुसार २७५ सदस्यीय प्रतिनिधिसभामा हाल २७१ सदस्य कायम छ । दल त्यागसम्बन्धी व्यवस्थाअनुसार नेकपा माओवादी केन्द्रले कारवाही गरेपछि मन्त्री टोपबहादुर रायमाझी, प्रभु साह, लेखराज भट्ट र गौरीशंकर चौधरीको स्थान रिक्त छ । सांसद विजयकुमार गच्छदार, मोहम्मद अफताब आलम, रेशम चौधरी र हरिनारायण चौधरी निलम्बनमा छन्, उनीहरुलाई मत जाहेर गर्ने अधिकार छैन । विश्वासको मतको प्रस्तावमा एमालेका १२१, माओवादी केन्द्रका ४८, कांग्रेसका ६१, जनता समाजवादी पार्टीका ३२ तथा राष्ट्रिय जनमोर्चा, नेपाल मजदूर किसान पार्टी, राष्ट्रिय प्रजातन्त्र पार्टी र एक स्वतन्त्र सांसदलाई मताधिकार रहेको थियो ।

प्रधानमन्त्री ओलीले संसदको विश्वास गुमाएसँगै तीन वर्षसम्म चलेको कम्युनिष्ट सरकार ढलेको छ । निर्वाचनमा पराजित काङ्ग्रेसको लागि कम्युनिस्टहरू विभाजित हुँदा फेरि सत्तामा जाने भएको छ। शुरुमा सरकारसँग झण्डै दुई तिहाई बहुमत थियो । आन्तरिक विवादका कारण हुँदाखाँदाको सत्ताबाट हट्नुपरेको छ।कम्युनिस्ट पार्टीले पाएको अवसर गुमाएको छ।देशमा राजनीतिक अस्थिरता शुरु भएको छ । नेकपाको विभाजन अनि एमालेभित्रको अन्तरकलहका कारण कम्युनिष्ट पार्टीले जनताबाट प्राप्त जनादेशअनुसार पाँच वर्षसम्म सरकार चलाउन असफल भएको छ ।

कम्युनिष्ट सरकारले पाँच वर्ष काम गर्न नसक्नुमा एकले अर्कोलाई आरोप लगाएका छन् । प्रचण्ड र माधव नेपालले केपी ओलीकै कारण यो स्थिति आएको बताएका छन् भने ओलीले चाहिँ प्रचण्ड र माधव नेपालमाथि दोष लगाएका छन् । दोषारोपण गरेका कारण कम्युनिस्ट सरकार चलाउन सक्दैनन् भन्ने देखाएका छन । सत्तारुढ दल नेकपा एमालेभित्र विवाद कायमै छ । एमालेभित्र जारी यही विवादका कारण पनि ओली नेतृत्वको सरकार कुनै पनि बेला संकटमा पर्ने अवस्था कायमै थियो । अझ कर्णाली प्रदेश प्रकरणले त कुनै पनि समय एमालेका असन्तुष्ट सांसदले फ्लोर क्रस गर्न सक्ने र सरकार ढाल्न सक्ने सम्भावनालाई बलियो तुल्याएको थियो । पार्टी अध्यक्षसमेत रहेका प्रधानमन्त्री ओलीले पार्टीका असन्तुष्ट पक्षलाई कारवाहीको त्रास देखाउने र जसपा नेपालको महन्थ ठाकुर र राजेन्द्र महतो पक्षसँग समर्थनको अपेक्षा गर्दै सरकारमाथिको संकटलाई टार्न सकिनश्वास लिए । खनाल -नेपाल समुहले पार्टी भित्रको विवादलाई आफ्नै पार्टीको सरकार ढाल्ने अपराध गरेको छ । अनुशासित एमालेलाई अराजक बनाउने काम गरेको छ । संसदीय अंकगणितमा महत्त्वपूर्ण भूमिका निर्वाह गर्ने तहमा रहेको जनता समाजवादी पार्टी (जसपा) नेपालले भने प्रधानमन्त्री ओलीको विकल्प खोज्ने सवालमा प्रस्ट अवधारणा ल्याउन नसक्दा लामो समय अन्योल देखियो । प्रधानमन्त्री ओलीलाई विस्थापित गर्नका लागि काँग्रेस, नेकपा माओवादी केन्द्र र जनता समाजवादी पार्टी नेपालबीच सहकार्य अनिवार्य हुने संसदीय अंकगणित रहे पनि जसपा नेपाल नयाँ सरकार गठनका सवालमा दुई पक्षमा विभाजित रह्यो ।

अध्यक्ष महन्थ ठाकुर र राजेन्द्र महतो पक्षले केपी ओलीसँगै सहकार्य गर्ने इच्छा प्रकट गरे भने उपेन्द्र यादव र डा. बाबुराम भट्टराई पक्षले भने ओलीसँग कुनै पनि हालतमा सहकार्य गर्न नहुने पक्षमा अडान लियो । एमाले र जसपाले एकमना एकता देखाउन नसक्दा देश फेरि राजनीतिक अस्थिरता र विदेशीले खेल्ने मौका पाएका छन।चुनावमा एउटै घोषणापत्र बनाएर गएका कम्युनिस्ट अहिले कांग्रेसलाई सत्ता बुझाउन सबै मुल्य मान्यता र वर्गलाई धोका दिएका छन ।


## तपाईंको आज

| | | | |
|---|---|---|---|
| मेष | : आर्थिक समस्या | तुला | : झमेला बढ्ने |
| वृष | : सम्मान मिल्नेछ | वृश्चिक | : ब्यापारमा लाभ |
| मिथुन | : शत्रुको भय | धनु | : सहयोग मिल्नेछ |
| ककर्ट | : शारिरीक झमेला | मकर | : मन चञ्चल |
| सिंह | : सत्कार मिल्नेछ | कुम्भ | : अप्रत्यसित लाभ |
| कन्या | : मानसिक तनाब | मीन | : कार्यमा सफलता |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**

पोखरा-१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६

चिना, टिप, हस्तरेखा, आखत, माटो हेर्नका लागि सम्झनुहोस् ।


# सिलिण्डर सङ्कलन गर्दै प्रहरी

**पोखरापत्र संवाददाता**
**तनहुँ, २७ बैशाख**



जिल्ला प्रहरी कार्यालय तनहुँले जिल्लाका विभिन्न ठाउँबाट सिलिण्डर सङ्कलन थालेको छ ।

अक्सिजनका लागि सिलिण्डर अभाव हुन थालेपछि प्रहरीले सिलिण्डर सङ्कलन थालेको हो । प्रहरीले दमौलीबाट १५, बेलचौताराबाट तीन र डुम्रेबाट २५ थान सिलिण्डर सङ्कलन गरिएको प्रहरी उपरीक्षक अरुण पौडेलले जानकारी दिनुभयो ।

कोभिड सङ्क्रमितका लागि सिलिण्डर अभाव भइरहेका बेला प्रहरीले विभिन्न ग्यारेजमा रहेका सिलिण्डर सङ्कलन शुरु गरेको छ । दमौलीबाट पाँच वटा भरी सिलिण्डर र १० वटा खाली सिलिण्डर सङ्कलन गरिएको छ भने बेलचौताराबाट तीन वटा भरी सिलिण्डर सङ्कलन गरिएको छ ।

यसैगरी इलाका प्रहरी कार्यालय भानु मुकाम डुम्रेले बजार क्षेत्रबाट आठ वटा भरी र १७ वटा खाली सिलिण्डर सङ्कलन गरेको प्रहरी निरीक्षक प्रकाश भुसालले जानकारी दिनुभयो । डुम्रे बजार क्षेत्रका विभिन्न मेटल कम्पनी, इञ्जिनियरिङ वर्कसप, मोटर ग्यारेज, ग्यास वेल्डिङ तथा अन्य कम्पनीसँग रहेका सिलिण्डर विभिन्न अस्पतालमा पठाउने गरी सङ्कलन गरिएको भुसालले जानकारी दिनुभयो । सङ्कलन गरिएको सिलिण्डर प्रशासन कार्यालयको सिफारिसका आधारमा अस्पतालमा पठाउने तयारी गरिएको छ । यस्तै तनहुँ जलविद्युत् आयोजनाअन्तर्गत सिनो हाइड्रो कम्पनीसँग पनि सिलिण्डर रहेकाले प्रशासन कार्यालयको पत्रपछि उक्त सिलिण्डर पनि सङ्कलन गरिने प्रहरीले जनाएको छ । प्रहरीले केही दिनअघि पनि आँबुखैरेनी क्षेत्रबाट २६ वटा सिलिण्डर सङ्कलन गरी चितवनको अक्सिजन उत्पादन कम्पनीमा पठाएको थियो ।

दमौली आसपासका ग्यारेजमा अक्सिजनका सिलिण्डर जथाभावीरूपमा फालिएको भेटिएको थियो । प्रयोगमा आएका सिलिण्डर जथाभावीरूपमा फालिएको तस्वीर सार्वजनिक भएपछि ती सिलिण्डर सङ्कलन गर्नुपर्ने आवाज उठेको थियो । अक्सिजनको सिलिण्डर ग्यारेजमा फलाम काट्न, हाइड्रो कम्पनीमा वेल्डिङ र सुन पसलहरूमा प्रयोग हुँदै आएको छ । कतिपयले भने घरमा पनि राख्ने गर्नाले अहिले सिलिण्डर अभाव भएको सार्वजनिक हुँदै आएको छ ।

# नदीजन्य पदार्थ उत्खनन गर्ने सवारी नियन्त्रणमा

**पोखरापत्र संवाददाता**
**तनहुँ, २७ बैशाख**

तनहुँको व्यास नगरपालिकास्थित विभिन्न ठाउँमा अवैधरूपमा नदीजन्य पदार्थ उत्खनन गर्ने सवारी साधनलाई नियन्त्रणमा लिएर जरिवाना गराइएको छ ।

व्यास-५ स्थित मादी नदीको बगरबाट निषेधित समयमा नदीजन्य पदार्थ उत्खनन एवं लोड गरी ओसारपसार गर्दै गरेको अवस्थामा ग १ त ५५१४, ग १ त ३१५७ र ग १ त २६३० नम्बरको ट्र्याक्टरलाई नियन्त्रणमा लिइएको छ । नियन्त्रणमा लिइएका सवारीलाई कारवाहीका लागि नगरपालिका पठाइएकामा प्रतिट्र्याक्टर रु आठ हजारका दरले रु २४ हजार जरिवाना भएको प्रहरीले जनाएको छ । त्यस्तै व्यास-१० दुम्सीस्थित मादी नदी बगरबाट अवैधरूपमा बालुवा उत्खनन गरी ओसारपसार गर्दै गरेको अवस्थामा ग १ त ४३५८ नम्बरको ट्र्याक्टरलाई नियन्त्रणमा लिइएको छ । उक्त ट्र्याक्टरलाई पनि नगरपालिकाले रु आठ हजार जरिवाना गरेको छ । व्यास-७ दुलेपानीस्थित झोलुङ्गे पुलमाथि अवैधरूपमा ढुङ्गा लोड गर्दै गरेको अवस्थामा ग १ त ६४९१ नम्बरको ट्र्याक्टरलाई नियन्त्रणमा लिइएको छ । उक्त ट्र्याक्टरलाई कारवाहीका लागि नगरपालिकामा बुझाइएको प्रहरीले जनाएको छ ।

# चितवनमा छ संक्रमितको मृत्यु

**रासस**
**चितवन, २७ बैशाख**

यहाँका दुई अस्पतालमा आइतबार राती मात्र छ सङ्क्रमितको मृत्यु भएको् छ । चितवन मेडिकल कलेजमा उपचाररत पाँच जनाको र भरतपुर अस्पतालमा उपचाररत एक जनाको मृत्यु भएको हो । मृत्यु हुनेमा दुई चितवनका र अन्य बाहिरी जिल्लाका छन् ।

भरतपुर महानगरपालिका-३ सहिदचोकका ८३ वर्षीया वृद्धाको भरतपुर अस्पतालमा मृत्यु भएको छ । निमोनिया भई यही वैशाख १६ गते अस्पताल भर्ना भएकी उनमा १७ गते सङ्क्रमण पुष्टि भएको थियो । सङ्क्रमण पुष्टि भएपछि कोभिड सघन उपचार कक्षमा उपचारका क्रममा उनको आज बिहान ४:१० बजे मृत्यु भएको हो । पूर्वी चितवनको रत्ननगर नगरपालिका-३ का ३९ वर्षीय पुरुषको चितवन मेडिकल कलेजमा मृत्यु भएको छ । निमोनियाको समस्या भई अस्पताल आएका उनमा यही वैशाख २१ गते कोरोना सङ्क्रमण पुष्टि भएको थियो । उनी कोरोना पुष्टि भएसँगै २४ गते चितवन मेडिकल कलेजमा उपचारका लागि आएका थिए । उनको अस्पतालको कोभिड सघन उपचार कक्षमा आज बिहान ३:०० बजे मृत्यु भएको हो ।

नवलपरासीको कावासोतीका एक वृद्धको कोरोनाका कारण मृत्यु भएको छ । मृत्यु हुनेमा कावासोती नगरपालिका-५ का ६१ वर्षीय पुरुष रहेका छन् । निमोनियाको समस्या आई यही वैशाख २२ गते अस्पताल भर्ना भएका उनमा सोही दिन कोरोना सङ्क्रमण पुष्टि भएको थियो । कोरोना सङ्क्रमण पुष्टि भएसँगै अस्पतालको कोभिड सघन उपचार कक्षमा उपचारका क्रममा उनको सोमबार बिहान २:३० बजे मृत्यु भएको हो । कोरोना सङ्क्रमणका कारण कपिलवस्तुको तौलिहवा नगरपालिका-१ बस्ने ६० वर्षिय पुरुषको मृत्यु भएको छ । निमोनियाको समस्या भई यही वैशाख २३ गते चितवन मेडिकल कलेज भर्ना भएका उनमा सोही दिन सङ्क्रमण पुष्टि भएको थियो । सङ्क्रमण पुष्टि भएसँगै कोभिड सघन उपचार कक्षमा उपचारका क्रममा उनको सोमबार बिहान १:४० बजे मृत्यु भएको अस्पतालले जनाएको छ ।

यस्तै रुपन्देहीको बुटवल उपमहानगरपालिका वडा नम्बर १२ का ४० वर्षीय पुरुषको कोरोनाका कारण मृत्यु भएको छ । निमोनियाको समस्या भई यही वैशाख १७ गते अस्पताल भर्ना भएका उनमा सोही दिन कोरोना सङ्क्रमण पुष्टि भएको थियो । सङ्क्रमण पुष्टि भएसँगै अस्पतालको सघन उपचार कक्षमा उपचारका क्रममा उनको आइतबार राती १० :३५ बजे मृत्यु भएको हो ।

यसैगरी रुपन्देहीकै देवदह नगरपालिका-९ का ४१ वर्षीय पुरुषको कोरोनाका कारण मृत्यु भएको अस्पतालले जनाएको छ । चितवन मेडिकल कलेजका अनुसार निमोनियाको समस्या भई वैशाख २२ गते अस्पताल भर्ना भएका उनामा सोही दिन कोरोना सङ्क्रमण पुष्टि भएको थियो । सङ्क्रमण पुष्टि भएसँगै कोभिड सघन उपचार कक्षमा उपचारका क्रममा उनको आइतबार राती १०:३० बजे मृत्यु भएको हो ।

# डाक्टरबिहीन बन्यो जैमिनी

**पोखरापत्र संवाददाता**
**बागलुङ, २७ बैशाख**

कोरोना सङ्क्रमण बढ्दै जाँदा थप स्वास्थ्यकर्मी आवश्यक पर्ने समयमा बागलुङको जैमिनी डाक्टरबिहीन बनेको छ ।

एकमात्र डाक्टर रहेको कुश्मिसेरा प्राथमिक स्वास्थ्य केन्द्रका डाक्टरको करार सम्झौता सकिएपछि जैमिनी डाक्टरबिहीन बनेको जैमिनी नगरपालिकाले जनाएको छ । कुश्मिसेरा प्राथमिक स्वास्थ्य केन्द्रमा कार्यरत डा राजु भट्टराई क्षेत्रीको सम्झौता सकिएपछि प्राथमिक स्वास्थ्य चौकी डाक्टरबिहीन बनेको हो । कोरोना सङ्क्रमणका लागि भएका स्वास्थ्यकर्मीसमेतको करार अवधि सकिएपछि समस्या भएको स्थानीयले गुनासो गरेका छन् ।

डाक्टरको करार मिति थपेर पुनः क्षेत्रीलाई नै ल्याउने अथवा नयाँ विज्ञापन खुलाउने विषयमा छलफल भइरहेको नगरपालिकाका स्वास्थ्य शाखा संयोजक गोविन्दप्रसाद आचार्यले बताउनुभयो । "अहिले १० शय्याको अक्सिजनसहितको आइसोलेसन वार्ड बनाएका छौँ, १० दिनदेखि डाक्टरको करार सकिएपछि डाक्टरको अभाव छ", आचार्यले भन्नुभयो, "अहिले कोरोना सङ्क्रमित होमआइसोलेसनमा छन्, समस्या परे अक्सिजनसहितको वेड तयारी अवस्थामा छ, एउटा डाक्टर भए निकै सहज हुन्थ्यो, अहिले करार सकिएका डाक्टरलाई नै पुनःनियुक्ति दिनेगरी पहल थालेका छौँ ।" तत्काल आइसोलेसन खाली भए पनि सामान्य सङ्क्रमित राख्दा जटिल आएमा समस्या हुने भएकाले अक्सिजन तथा उपचार आवश्यक सङ्क्रमितलाई मात्रै आइसोलेसनमा भर्ना गर्ने तयारीमा रहेको आचार्यको भनाइ छ ।

नगरपालिकाले हालै सञ्चालन गरेको कोभिड-१९ अस्थायी अस्पतालमा पनि कुश्मिसेरा प्राथमिक स्वास्थ्य केन्द्रका स्वास्थ्यकर्मीले नै काम गर्ने भएकाले कोरोना अस्पताल पनि प्रभावकारी हुने देखिएको भए पनि डाक्टरको अभाव रहेको उहाँको भनाइ छ । सरकारको मापदण्डअनुसार कोरोना अस्पतालमा कम्तिमा एक डाक्टर, एक पारामेडिक्स्, एक स्टाफ नर्स र एक कार्यालय सहयोगीसहित चार स्वास्थ्यकर्मी अनिवार्य हुनुपर्ने व्यवस्था छ ।

# आमाको मुख हेर्ने पर्व

**रासस**
**काठमाडौं, २७ बैशाख**

प्रत्येक वर्ष वैशाखकृष्ण पक्ष औँसीका दिनमा जन्मदाता आमालाई सम्मान गरी मनाइने आमाको मुख हेर्ने पर्व आज देशभर आमालाई मीठा मीठा खानेकुरा खान दिई श्रद्धा भक्तिसाथ मनाइँदैछ ।

शास्त्रमा उपाध्याय ९पण्डित०, आचार्य र पिताभन्दा पनि ठूली मानिएकी आमाप्रति श्रद्धा, भक्ति, सम्मान र आदर गर्ने तथा उनबाट शुभाशीर्वाद थाप्ने दिनका रूपमा यो पर्वलाई लिइन्छ । छोराछोरीले आज बिहानै उठी नुहाएर आफ्नी आमालाई राम्राराम्रा लुगा लगाउने र मीठामीठा-तागतिला खानेकुरा खान दिई आशीर्वाद थाप्ने चलन छ । आमा नभएकाहरू भने आमालाई तर्पण र पिण्ड तथा पुरोहितलाई सिदादानसहित भोजन गराई दिवङ्गत आमा र उनले गरेका महान् एवं कष्टकर काम सम्झने गर्दछन् । शास्त्रमा प्रत्येक नरनारीले जीवनमा देवऋण, मनुष्यऋण र पितृऋण तिर्नैपर्छ भनिएको छ । वैदिक सनातन धर्म ग्रन्थमा 'जननी जन्मभूमिश्च स्वर्गादपि गरियसी' अर्थात् जन्म दिने आमा र जन्मभूमि स्वर्गभन्दा पनि ठूला हुन् भनी आमा र जन्मभूमिको महत्व दर्शाइएको धर्मशास्त्रविद् एवं नेपाल पञ्चाङ्ग निर्णायक समितिका अध्यक्ष प्रा डा रामचन्द्र गौतमले बताउनुभयो । सन्तानलाई नौ महीनासम्म गर्भमा धारण गरी जीवन दिने भएकाले आमाको महत्व अरुभन्दा बढी छ । बाबुभन्दा आमाको महत्व हजार गुणा बढी हुने भनी शास्त्रीय ग्रन्थमा उल्लेख गरिएको पनि उहाँले सुनाउनुभयो । यस्तो महत्व भएकाले जीवित आमालाई मीठो खान र राम्रो लगाउन दिएर सम्मान गरी खुसी बनाइन्छ ।

दिवङ्गत आमाका नाममा श्रद्धा भक्तिसाथ तर्पण, पिण्डदान र सिदादान गरिन्छ । वैशाखकृष्ण औँसीका दिन दिवङ्गत आमाले आश गर्ने भएकाले तर्पण, पिण्डदान र सिदादान सहित श्राद्ध गरे खुसी भई आशीर्वाद दिने शास्त्रीय मान्यता रहेको धर्मशास्त्रविद् गौतमले बताउनुभयो । यस अवसरमा चन्द्रागिरी नगरपालिकास्थित मातातीर्थमा मेला लाग्ने गर्छ । यस वर्ष नयाँ भेरियन्टसहितको कोरोना तीव्र रुपमा फैलिएकाले मेला स्थगित गरिएको नगर प्रमुख घनश्याम गिरीले जानकारी दिनुभयो । गत वर्ष पनि यस पर्वका अवसरमा कोरोनाबाट बच्न बन्दाबन्दी गरिएकाले मातातीर्थ मेला स्थगित गरिएको थियो ।

वैशाख कृष्ण औँसी अर्थात् आमाको मुख हेर्ने औँसीका दिन दिवङ्गत आमाको सम्झनामा राजधानीको पश्चिमी भेगस्थित चन्द्रागिरी नगरपालिका वडा नं.-६ थानकोट नजिकैको मातातीर्थमा लाग्ने मेला स्थगित गरिएको छ । यस वर्ष वैशाख २८ गते मङ्गलबार आमाको मुख हेर्ने औँसी परेको छ ।

नयाँ भेरियन्टसहितको कोरोना भाइरस (कोभिड १९) को सङ्क्रमण बढ्दै गएपछि यसबाट बच्न मातातीर्थ मेला स्थगित गरिएको चन्द्रागिरी नगरपालिकाले जनाएको छ । प्रत्येक वर्ष आमाको मुख हेर्ने दिन मातातीर्थमा हजारौँ भक्तजनको ओइरो लाग्ने गर्छ । गतवर्ष पनि कोरोना भाइरसको सङ्क्रमणबाट बच्न बन्दाबन्दी गरिएकाले मेला स्थगित गरिएको थियो । आमा नहुने नरनारी औँसीका दिन बिहानै उक्त तीर्थमा गई स्नान तथा हरिहर (विष्णु र शिव)को दर्शन र पूजा गर्ने गर्थे । यस वर्ष स्थानीयवासीलाई पनि मातातीर्थमा नजान सूचित गरिएको नगरप्रमुख घनश्याम गिरीले राससलाई जानकारी दिनुभयो । मातातीर्थ संरक्षण समितिले गर्ने नित्य पूजा भने हुने नगरपालिकाले जनाएको छ । घर घरमै बसेर जीवित आमालाई खुसी बनाउने र मृत आमाका नाममा श्रद्धा प्रकट गर्न सकिने धर्मशास्त्रविद्को भनाइ छ ।

# भूकम्पले भत्किएका २९४ गुम्बा मर्मत सम्भार

**रासस**
**चितवन, २७ बैशाख**

छ वर्ष अघिको गोरखा भूकम्पले भत्किएका २९४ गुम्बाको मर्मत सम्भार गरिएको छ ।

विसं २०७२ वैशाख १२ गतेको भूकम्पले एक हजार ३२० गुम्बामा क्षति पुगेको राष्ट्रिय पुनर्निर्माण प्राधिकरणले जनाएको छ । त्यसमध्ये मर्मत सम्भार गर्नुपर्ने ४०२ गुम्बामा २९४ को काम सकिएको प्राधिकरणका सहप्रवक्ता मनोहर घिमिरेले जानकारी दिनुभयो ।

भूकम्पपछि गरिएको स्थलगत अध्ययनका क्रममा ८९५ गुम्बा पुनर्निर्माण गर्नुपर्ने भेटिएको छ । सोमा १०० वर्षभन्दा पुराना गुम्बाको सङ्ख्या २५० छ । हाल १०० वर्षभन्दा पुराना पाँच गुम्बाको पुनःनिर्माण भइरहेको उहाँले सुनाउनुभयो ।

भूकम्पले भत्किएका गुम्बामध्ये दुई हजार वर्गफिटभन्दा बढी क्षेत्रफल भएका गुम्बाको सङ्ख्या १४ छ । दुई हजार वर्गफिटभन्दा बढी क्षेत्रफल भएका आठ गुम्बाको पुनःनिर्माण भइरहेको प्राधिकरणले जनाएको छ । गुम्बा व्यवस्थापन समिति र सम्बन्धित स्थानीय तहबाट पुनःनिर्माण भइरहेका गुम्बाको सङ्ख्या १०१ छ । समिति र स्थानीय तहले पुनःनिर्माण गर्नुपर्ने गुम्बाको सङ्ख्या ६३१ छ । यी गुम्बा क्रमशः पुनःनिर्माण गरिने कार्यक्रम रहेको जनाइएको छ ।

# अक्सिजन सिलिण्डर खोजी अभियान

**पोखरापत्र संवाददाता**
**बागलुङ, २७ बैशाख**

बागलुङका मोटर ग्यारेज र व्यक्तिका घरघरमा रहेका अक्सिजनका सिलिण्डरको खोजी कार्य शुरु भएको छ। बागलुङ नगर स्वास्थ्य शाखासहित जिल्लाभरका स्वास्थ्य कार्यालयले खोजी कार्य अगाडि बढाएको स्वास्थ्य कार्यालय बागलुङका प्रमुख सुरज गुरौले बताउनुभयो । सबैभन्दा बढी सिलिण्डर बागलुङ बजारका ग्यारेजमा भेटिएको छ।

अस्पतालमा रहेका ५० वटा सिलिण्डरसहित ६० वटा थप भेटिएपछि अस्पतालका लागि ११० वटा पुगेको जनस्वास्थ्य निरीक्षक दिनेश जिसीले बताउनुभयो । "हामीले खोजी अभियान जारी राखेका छौं, भरपाई गरेर नगरपालिकाले ल्याएको छ, मोटर ग्यारेज अहिले चलेका छैनन्, अस्पतालमा आवश्यक छ, त्यसैले सङ्कलन गरेका हौं", उहाँले भन्नुभयो।बागलुङबजारबाहेकगलकोट, बुर्तिबाङलगायतका बजारमा पनि छिटफुट रहेका अक्सिजन सिलिण्डर खोज्ने काम भएको छ। धौलागिरि अस्पतालमा कोरोनाका जटिल सङ्क्रमितहरू बढिरहेका छन्। दैनिक शय्या भरिएकाले अक्सिजनसमेत चाहिएको हो । अस्पतालभित्रका २५ शय्यामा प्लान्टको अक्सिजन वितरण भए पनि बाँकी शय्या र रातमाटास्थित आइसोलेसन केन्द्रमा अक्सिजनको आवश्यकता बढेको हो । शनिबार बेलुका केही सङ्क्रमितलाई रातमाटा लगेर भर्ना गरिएको छ । सङ्क्रमितहरू घरघरमा बसे पनि जुनसुकै बेला समस्या थपिएर आउने अवस्था भएपछि सिलिण्डरको जोहो गराइएको नगर स्वास्थ्य शाखाका प्रमुख रामप्रसाद खनालले बताउनुभयो। कोरोनाको सङ्क्रमण भएर श्वासप्रश्वासमा समस्या भएका बिरामीलाई धेरै अक्सिजन चाहिने भएकोले यो बेला बढी खोजी भएको हो। सामान्य बिरामीलाई सात घण्टा पुग्ने अक्सिजन सिलिण्डर कोरोनाका सङ्क्रमितलाई दुईदेखि तीन घण्टामै सकिने गरेको चिकित्सकहरूले बताएका छन्। शनिबार बिहान पनि धौलागिरि अस्पतालमा २५ वटा सिलिण्डर सकिएपछि भर्नाका लागि पोखरा पठाइएको अस्पतालका मेडिकल सुपरिटेन्डेन्ट डा शैलेन्द्र पोखरेलले बताउनुभयो।

अस्पतालमा जडान भएको प्लान्टमा कम्प्रेसर मेसिन नभएकाले सिलिण्डरमा भर्ने व्यवस्था छैन । अक्सिजन प्लान्टको सर्भिसिङसमेत नभएर आपूर्ति ठप्प हुने बेला आएको छ। यो जटिल समस्यामा तत्काल सहयोग जुटाएर दुवै काम गर्ने योजना बनाएको अस्पताल व्यवस्थापन समितिका अध्यक्ष केवी रानामगरले बताउनुभयो । उहाँले गण्डकी प्रदेशको सामाजिक विकास मन्त्रालयमा बजेट माग गरिरहेको बताउनुभयो । अस्पतालका चिकित्सकका अनुसार कम्प्रेसर मेसिन ल्याएर सञ्चालन गर्ने तथा अक्सिजन भर्ने कामका लागि तत्काल रु २० लाख बजेट आवश्यक हुनेछ।

अघिल्ला वर्षभैँ शुरुआतमै आइसोलेशन नबने पनि पालिका तहमा पनि अक्सिजनसहितको मात्रै बनाउने क्रम शुरु भएको छ । ताराखोला गाउँपालिकामा निर्माण भएको १५ शय्यामध्ये दुई वटा अटोमेटिक कन्सन्ट्यान्ट मेसिन राखिएको स्वास्थ्य शाखा प्रमुख उदीत थापाले बताउनुभयो । ताराखोलामा आइतबारसम्म ३० भन्दाबढी होम आइसोलेशन कक्षमा छन् । बडिगाड गाउँपालिकामा १० वटा अक्सिजनसहितको आइसोलेशन कक्ष बनाइएको छ। दुई वटा यसअघिनै ल्याएका मेसिनबाहेक पाँच वटा खरिदको प्रक्रिया थालिएको हो।

बरेङले पनि दुई वटा अक्सिजनको सिलिण्डर व्यवस्थापन गरेको छ । तमानखोला र ढोरपाटन नगरपालिकाको बुर्तिवाङ प्राथमिक स्वास्थ्य केन्द्रमा पनि अक्सिजनसहितको व्यवस्थापन भइरहेको स्वास्थ्यकर्मीले बताएका छन्। "अहिले जोड्ने पूर्वाधारले पछिसम्म काम गर्नेछ", स्वास्थ्य शाखा प्रमुख घनश्याम सापकोटाले भन्नुभयो, "नगरपालिकाले बजेट विनियोजन गरेको छ, निजी संस्थामा भेटिएका अक्सिजन सिलिण्डर पनि खोजी भइरहेको छ।"

# वेपत्ता युवाको शव ओडारमा भेटियो

**पोखरापत्र संवाददाता**
**म्याग्दी, २७ बैशाख**

म्याग्दीको मालिका गाउँपालिका-५ देवीस्थानबाट हराएका एक युवाको १२ दिनपछि ओडारमा ढुङ्गाले अँठ्याएको अवस्थामा शव फेला परेको छ।

यही बैशाख १४ गतेदेखि हराएका २७ वर्षीय धजेन्द्र पुनको देवीस्थानको मार्चुला सामुदायिक वनको बराहथानस्थित ओडारमा आइतबार शव फेला परेको जिल्ला प्रहरी कार्यालयले जनाएको छ।

स्थानीयवासीले खबर गरेपछि जिल्ला प्रहरी कार्यालयका प्रहरी निरीक्षक डाक्टरप्रसाद चौधरीको नेतृत्वमा प्रहरी टोली घटनास्थल पुगेर अनुसन्धान शुरु गरेको छ। ढुङ्गाले छोपेर राखिएको अवस्थामा शव भेटिएकाले कसैले हत्या गरेर ओडारमा राखेको हुनसक्ने अनुमान गरिएको छ।

टाउको र कुम देखिएको अवस्थामा भेटिएको शव सडेको थियो । धजेन्द्रसँगै बैशाख १४ गतेदेखि देवीस्थानका अन्य चार युवा सम्पर्कविहीन छन्। मृतकका दाजु तिलक पुनले प्रहरीमा दिएको जाहेरीका आधारमा अनुसन्धान र संलग्नको खोजी थालिएको प्रहरी नायब उपरीक्षक श्यामकुमार राईले बताउनुभयो।

यसैबीच देवीस्थानमै बैशाख १४ गते नै ११ वर्षीया बालिकालाई बलात्कार भएको छ । स्थानीयवासी २१ वर्षीय विजय बिकले बलात्कार गरेको पीडितका आफन्तले बैशाख १९ गते प्रहरी कार्यालयमा दर्ता गरेको जाहेरीमा उल्लेख छ । विजयले पैसाको प्रलोभनमा पारेर बलात्कार गरेको पीडितको भनाइ छ। विजयको खोजी र घटनाको अनुसन्धान भइरहेको प्रहरी नायब उपरीक्षक राईले बताउनुभयो।

देवीस्थानमा एकै दिन दुई वटा अपराध भएका छन् । बैशाख १४ गते त्यहाँ छिमेकमा विवाह थियो । बलात्कारको शिकार बनेकी बालिका विवाहमा गएकी थिइन् । दुवै घटनाका बारेमा आइतबार प्रहरीले प्रेस विज्ञप्तिमार्फत जानकारी गराएको हो।

# प्रशासनद्वारा अक्सिजन सिलिन्डर बुझाउन आग्रह

**पोखरापत्र संवाददाता**
**लमजुङ, २७ बैशाख**

जिल्ला प्रशासन कार्यालयले अक्सिजन सिलिन्डर बुझाउन आग्रह गरेको छ।

कोरोना सङ्क्रमणको उच्च जोखिम बढिरहेको र अक्सिजन सिलिन्डर अभाव हुन नदिनलाई प्रशासनले आज एक विज्ञप्ती जारी गर्दै जिल्लाका व्यक्ति, कलकारखाना, उद्योग र संस्थालाई यस्तो आग्रह गरेको हो । सङ्क्रमित दिनहुँ बढ्ने क्रममा अक्सिजन जस्तो अत्यावश्यक वस्तुको आपूर्ति व्यवस्थापनमा विषेश ध्यान दिनुपर्ने भएकाले जो जोसँग जे जति अक्सिजन सिलिन्डर छन् ति सबै प्रशासनमार्फत स्वास्थ्य कार्यालयमा अविलम्ब बुझाएर सहयोग गर्न जिल्ला प्रशासन कार्यालयले आग्रह गरेको छ।

जिल्लामा कोरोना सङ्क्रमणको दोस्रो लहरमा कोरोना सङ्क्रमित दिनहुँ वृद्धि हुन थालेको छ । यही बैशाख १ देखि २६ गते अर्थात् आजसम्म १०१ जनामा कोरोना सङ्क्रमण पुष्टि भइसकेको छ । जिल्लामा यी सबै र थप हुँदै जाने कोरोना सङ्क्रमित सबैलाई अक्सिजन सिलिन्डरको प्रयोग गर्नुपर्ने भएमा अभाव हुने देखिन्छ । कोरोना सङ्क्रमितको उपचारका लागि आवश्यक पर्ने अक्सिजन सिलिन्डर अभाव हुन नदिनका लागि जिल्लामा भएका सबै अक्सिजन सिलिन्डर जम्मा गरेर तयारी अवस्थामा राख्दै अभाव हुनबाट जोगाउन लागिएको प्रमुख जिल्ला अधिकारी होमप्रसाद लुइँटेलले बताउनुभयो।

# संक्रमितले पाएनन् उपचार

**-कृष्ण न्यौपाने**
**दमौली, २७ बैशाख (रासस)**

दैनिकरुपमा कोभिड सङ्क्रमित बढ्न थालेपछि सदरमुकाममा रहेको दमौली अस्पतालले अक्सिजन सहितको आइसोलेशन बनायो। अस्पतालले चार भेन्टिलेटर र सात आइसियु सहित ३० अक्सिजन सिलिन्डरसहितको आइसोलेशन कक्ष बनाएको छ।

अस्पतालले अक्सिजन सहितको आइसोलेशन बनाएपछि क सङ्क्रमित उपचार पाउनेमा ढुक्क थिए । भानु नगरपालिका-१ का ६४ वर्षीय वृद्धले समयमै उपचार नपाएकै कारणले ज्यान गुमाउनुपरेको छ।

दुई दिन अगाडि ओम अस्पतालमा परीक्षण गराउँदा सङ्क्रमण पुष्टि भएका ती वृद्ध घर आएका थिए। घरमै रहँदा श्वासप्रश्वासमा समस्या भएपछि परिवारले शनिबार राति दमौली अस्पताल ल्याएको दावी गरेको छ। अस्पताल ल्याएपछि घरमै आराम गर्नु भनेर पठाएको पीडितको भनाइ छ। "हिजै अस्पताल भर्ना गरिदिएको भए आजसम्म बिरामी ठिक भइसक्ने होला," पीडित परिवारका एक सदस्यले भन्नुभयो, "अस्पतालको लापरवाहीका कारण उहाँको ज्यान गएको छ, यसको जिम्मेवारी कसले लिने हो ?" दमौली अस्पतालले भने आफूहरुको तर्फबाट कुनै कमजोरी नरहेको बताएको छ। पूर्व जानकारी बिना ल्याइएकाले अस्पताल भर्ना गर्न नसकिएको र पोखरा रिफर गरिएको अस्पतालको भनाइ छ। ती वृद्धको नेपाली सेनाले आइतबार राति नै शव व्यवस्थापन गरिसकेको छ।

८७ शैयाको आइसोलेशन

पछिल्लो केही दिनयता तनहुँमा दैनिक रुपमा कोरोना सङ्क्रमित बढ्न थालेपछि स्थानीय तह र अस्पतालले ८७ शय्याको आइसोलेशन तयार पारेका छन् । सङ्क्रमित थपिएसँगै जिल्लास्थित स्थानीय तह र अस्पतालले आइसोलेशन शय्या तयार पारेका हुन् । जिल्ला स्वास्थ्य कार्यालयका अनुसार जिल्लाभर ८७ आइसोलेशन कक्ष तयार गरिएको छ । प्रत्येक पालिकामा कम्तिमा पाँच शय्याको आइलोशन कक्ष तयार गरिएको कार्यालयका प्रमुख शङ्करबाबु अधिकारीले जानकारी दिनुभयो।

शुक्लागण्डकी नगरपालिका बेलचौतारास्थित जिपी कोइराला राष्ट्रिय श्वासप्रश्वास उपचार केन्द्रमा ३० शय्याको आइसोलेशन कक्ष तयार गरिएको छ । हरेक शय्या पाइपमार्फत् अक्सिजन पुऱ्याइएको छ। आइसोलेशनमा १२ ठूलो सिलिण्डर, २० सानो सिलिण्डर, पाँच वटा अक्सिजन कन्सुन्टेटर उपलब्ध रहेको उपचार केन्द्रका कार्यकारी निर्देशक डा रामकुमार श्रेष्ठले जानकारी दिनुभयो। अस्पतालमा १४ डाक्टर, ११ नर्स र १४ पारामेडिक स्वास्थ्यकर्मी छन् । अस्पतालको एक एम्बुलेन्स छ।

सदरमुकामस्थित दमौली अस्पतालमा १६ सामान्य सङ्क्रमित राख्न सकिन्छ। थप सात सघन उपचार कक्ष छन्। तीस अक्सिजन सिलिण्डर रहेको अस्पतालका मेडिकल सुपरिटेण्डेट डा सुनिल पौडेलले जानकारी दिनुभयो। थप अक्सिजन सिलिण्डर खरिदका लागि रु पाँच लाख बजेट व्यवस्था गरिएको छ । अस्पतालमा चार डाक्टर र चार स्टाफ नर्स छन्।

अस्पतालले जनरल वार्डलाई समेत कोभिड कक्षमा रुपान्तरण गरेको छ । उक्त ठाउँमा १६ शैयाको व्यवस्थापन भइसकेको र त्यसलाई ३० शैया बनाउने तयारी थालिएको दमौली अस्पताल व्यवस्थापन समितिका अध्यक्ष प्रदीपराज अधिकारीले जानकारी दिनुभयो । जनरल वार्डलाई भने इमर्जेन्सी सञ्चालित भवनको तीन वटा कोठामा स्थानान्तरण गरिएको छ। बन्दीपुर गाउँपालिकामा १५ शय्याको आइसोलेशन कक्ष तयार गरिएको छ। आइसोलेशन कक्षमा १३ सिलिण्डर अक्सिजन र एउटा एम्बुलेन्स तयारी गरिएको छ । आँबुखैरेनीमा १२ शय्याको आइसोलेशन कक्ष तयारी गरिएको छ । आइसोलेशन कक्षमा चार वटा अक्सिजन सिलिन्डर र तीन वटा एम्बुलेन्स रहेको प्रमुख प्रशासकीय अधिकृत विष्णुप्रसाद पोखेलले जानकारी दिनुभयो। भानुमा पाँच शैयाको आइसोलेशन तयार गरिएको छ। त्यहाँ तीन अक्सिजन सिलिन्डर व्यवस्थापन गरिएको छ। भानुमा पाँच एम्बुलेन्स तयारी अवस्थामा राखिएको छ। देवघाटमा पाँच शय्याको आइसोलेशन कक्ष तयारी गरिएको छ । आइसोलेशन कक्षमा नौ सिलिण्डर अक्सिजन र एउटा एम्बुलेन्स तयारी अवस्थामा राखिएको छ । भीमादमा पाँच शय्याको आइसोलेशन कक्ष तयार गरिएको छ । आइसोलेशन कक्षमा १० अक्सिजन सिलिण्डर व्यवस्था गरिएको छ। भीमादमा दुई एम्बुलेन्स तयारी अवस्थामा राखिएको छ।

म्याग्देमा पाँच शय्याको आइसोलेशन कक्ष तयार गरिएको छ । आइसोलेशन कक्षमा चार सिलिन्डर व्यवस्थापन गरिएको छ । गाउँपालिकामा तीन वटा एम्बुलेन्स रहेको प्रमुख प्रशासकीय अधिकृत नारायणप्रसाद अधिकारीले जानकारी दिनुभयो। उक्त एम्बुलेन्सले सङ्क्रमितलाई निःशुल्क सेवा प्रदान गर्नेछ । ऋषिङमा पाँच शय्याको आइसोलेशन तयार गरिएको छ । आइसोलेशन कक्षमा तीन सिलिन्डर व्यवस्थापन गरिएको छ। गाउँपालिकामा एउटा एम्बुलेन्स तयारी अवस्थामा राखिएको छ । घिरिङमा पाँच शय्याका आइसोलेशन कक्ष तयार गरिएको छ। यहाँ एउटा सिलिन्डर अक्सिजन मात्रै छ। एउटा एम्बुलेन्स तयारी अवस्थामा राखिएको र स्वास्थ्यकर्मीको अभाव रहेको बताइएको छ। शुक्लागण्डकी नगरपालिकाले भने आइसोलेशन कक्ष तयार पारेको छैन। सात अक्सिजन सिलिन्डर व्यवस्थापन गरिएको छ । शुक्लागण्डकीमा चार एम्बुलेन्स छ। व्यास नगरपालिकाले भने दमौली अस्पतालकै आइसोलेशन कक्ष प्रयोग गर्ने तयारी गरेको छ । व्यास नगरपालिकामा सात एम्बुलेन्स छन् । अस्पताल र स्वास्थ्य शाखा प्रमुखसँग बैठक

जिल्ला प्रशासन कार्यालये आज जिल्लास्थित अस्पतालका प्रमुख र विभिन्न स्थानीय तहका स्वास्थ्य शाखा प्रमुखसँग छलफल गरेको छ। कोरोना सङ्क्रमण महामारी रोकथाम तथा नियन्त्रणका लागि कार्यालयले विभिन्न अस्पतालका प्रमुख र स्वास्थ्य शाखा प्रमुखसँग छलफल गरेको हो।

प्रमुख जिल्ला अधिकारी सागर आचार्यको अध्यक्षतामा सम्पन्न बैठकले सङ्क्रमितलाई थप उपचारका लागि अस्पतालसम्म लैजान पर्दा सम्बन्धित अस्पतालका प्रमुखसँग स्वास्थ्य शाखा प्रमुखले समन्वय गर्ने निर्णय गरेको हो।

जिल्ला अस्पतालमा उपचार गराउने सम्बन्धमा अस्पतालमा उपलब्ध सेवा र शैयालाई मध्यनजर गरी पठाउने एवं सबै स्थानीय तहमा रहने स्वास्थ्य संस्थाका आइसोलेशनमा बिरामीको अवस्था र दिनुपर्ने सेवाको आधारमा सङ्क्रमितको उपचारको प्रबन्ध गर्ने निर्णय समेत भएको छ। साथै सङ्क्रमितलाई उपचारका लागि पोखरा र अन्य अस्पतालमा पठाउनुपर्दा स्वास्थ्य कार्यालयका प्रमुखसँग समन्वय गर्ने निर्णय समेत भएको प्रशासनले जनाएको छ । बैठकले स्थानीय तहमा स्वास्थ्य शाखा प्रमुख रहने गरी गठन भएको अनुगमन समितिले होम आइसोलेशन र क्वारेन्टिनको अनुगमन गर्ने, अनुगमन गर्दा होम आइसोलेशनमा रहेका सङ्क्रमित र क्वारेन्टिनमा रहेका व्यक्तिहरुले स्वास्थ्य सुरक्षाको मापदण्ड गरेको नपाइएमा सम्झाउने बुझाउने र सो गर्दा समेत नमानेमा कानून अनुसार कारवाही गर्न सम्बन्धित निकायमा सिफारिस गर्ने निर्णय गरेको छ।

# भारतमा कोभिड-१९ का संक्रमित केही घटे, तीन हजार ७५४ को मृत्यु

**रासस**
**काठमाडौं, २७ बैशाख**

कोरोनाभाइरस महामारीको दोस्रो लहरका कारण निकै प्रभावित भएको भारतमा पछिल्लो २४ घण्टामा कोरोनाभाइरस (कोभिड-१९) बाट सङ्क्रमितको सङ्ख्या अघिल्लो दिनको तुलनामा केही कमी आएको छ।

भारतीय केन्द्रीय स्वास्थ्य तथा परिवार कल्याण मन्त्रालयले पछिल्लो २४ घण्टामा तीन लाख ६६ हजार व्यक्ति सङ्क्रमित भएको जनाएको छ। योसहित भारतमा हालसम्म कूल सङ्क्रमितको सङ्ख्या दुई करोड २६ लाख ६२ हजार पुगेको छ। साथै, विगत २४ घण्टामा तीन हजार ७५४ जनाको मृत्यु भएको छ। भारतमा योसहित दुई लाख ४६ हजार ११६ जनाको कोभिड-१९ को सङ्क्रमणबाट ज्यान गइसकेको छ।

भारतमा पछिल्लो २४ घण्टामा तीन लाख ५३ हजार व्यक्ति कोभिड-१९ बाट सङ्क्रमणमुक्त भएका छन् । हालसम्म भारतमा योसहित एक करोड ८६ लाख ७१ हजार व्यक्ति सङ्क्रमणमुक्त भएको पाइएको छ । यसैबीच, गत जनवरीबाट थालिएको कोभिड-१९ विरुद्धको खोप लगाउने व्यक्तिको सङ्ख्या १७ करोड दुई लाख पुगेको मन्त्रालयले जनाएको छ।

हाल भारतमा १८ वर्षभन्दा माथिका व्यक्तिलाई खोप दिन थालिएको छ । भारतीय स्वास्थ्य अनुसन्धान परिषदका अनुसार भारतमा ३० करोड ३७ लाख नमुना परीक्षण गरिएको छ। भारतमा कोभिड-१९ को दोस्रो लहरले स्वास्थ्य संस्थामाथि ठूलो दबाब आएको छ।

अक्सिजन, शैया, औषधि र अस्पतालको अभावमा मानिसले सामान्य उपचारसमेत नपाएर अकालमा ज्यान गुमाउनु परेको भारतीय सञ्चारमाध्यमले जनाएको छ।


आयो टप्प टिप्यो लग्यो मिति पुग्यो, टारेर टर्दैन त्यो ।
इन्द्रै विन्ति गरुन् झुकेर पदमा, त्यो विन्ति मान्दैन त्यो ॥

## हार्दिक समवेदना



जन्मः वि.स. १९९२/०८/०४

स्वर्गारोहणः वि.स. २०७८ /१ /१७

**स्वः तुल्सी बहादुर नापित**

हाम्रो यस समय बचत तथा ऋण सहकारी संस्था लिमिटेडको कार्यसमिति सदस्य नविन नापितको पुजनीय पिता समाजसेवी तथा नापित समाजका अध्यक्ष **तुल्सी बहादुर नापित** को ८७ बर्षको उमेरमा भएको असामयिक निधनले हाम्रो संस्थाका परिवार अत्यन्तै मर्माहत भएका छौं । यस दुःखद घडीको आज १३ औं दिनको पुण्य तिथिमा दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै हार्दिक श्रद्धाञ्जली अर्पणका साथै शोकसन्तप्त परिवारप्रति धैर्यधारण गर्ने शक्ति भगवानले प्रदान गरुन् भनी हार्दिक समवेदना प्रकट गर्दछौं ।

शिवप्रसाद द्वा
अध्यक्ष तथा
**समय बचत तथा ऋण सहकारी संस्था लिमिटेड परिवार**
**पोखरा-९**


# सकियो निफ चलचित्र महोत्सव : बुख्याँचा उत्कृष्ट चलचित्र

**रासस**
**काठमाडौं, २७ बैशाख**

'विश्वका कथाहरुको उत्सव'भन्ने नाराका साथ नेपाल अन्तराष्ट्रिय चलचित्र महोत्सव (निफ)को चौथो संस्करण आजदेखि समापन भएको छ । चलचित्रमार्फत नेपालीकला, संस्कृति र पर्यटन विश्वभरि फैलाउने निफको उदेश्य रहेको निफको जुममार्फत कार्यक्रमको समापन सत्रमा फौजिया फथिमाले निफमा स्तरीय कथा आउने गरेको र आफू यसमा महत्वपूर्ण जिम्मेवारीमा रहँदा खुशी लागेको बताउनुभयो । पोर्चुगलका चलचित्र निर्माता ज्वाओ पाउलो मकेडोले विश्वभरका कला, संस्कृति तथा भूगोललाई निफले केन्द्रीकृत गर्न सफल रहेको जनाउनुभयो । मधुरिमा बारुवाचले प्रेमेन्दर मजुमेण्डरले केही समयअघि नेपालको दोलखा घुम्दा रोचक लागेको र चलचित्रका लागि उत्कृष्ट लागेको बताउनुभयो। समापन कार्यक्रममा उत्कृष्ट चलचित्रसहित विभिन्न देशका निर्णायकले पुरस्कार राशिको घोषणा गरे। सोअनुसार उत्कृष्ट लघुचलचित्र अवार्ड राजेशप्रसाद खत्रीको अ स्क्यरको(बुख्याँचा)ले हात पारेको छ । यसैगरी वाग्मती अवार्ड उत्कृष्ट अन्तराष्ट्रिय लघु चलचित्रअन्तर्गत दक्षिण कोरियाका निर्देशक सङबिन बुनको गड्स डटर डान्सेसले पाएको छ।